## वन नियन्त्रण कक्ष (Forest Control Room)

कहाँ : वन विभाग, राष्टिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग र भू तथा जलाधार संरक्षण विभाग

कुन महाशाखाले समन्वय तथा सूपरिवेक्षण गर्ने : अनुगमन तथा मूल्यांकन महाशाखा

सहयोगी शाखाहरु : प्रशासन तथा व्यवस्थापन शाखा ( संरक्षण तथा व्यवस्थापन शाखा)

## के गर्ने :

१. जिल्लामा घटेको घटना, रचनात्मक कार्यहरु, वन तथा वन्यजन्तु संरक्षणको लागि गरिएको प्रयासहरु, समन्वय वैठकहरु, संयुक्त अनुगमनको विवरण, टेण्डर सूचना प्रकाशन तथा सम्झौता, माथिल्लो निकायहरुबाट भएको अनुगमन आदिको दैनिक विवरणहरु जिल्लाहरुले रजिष्टर तथा कम्प्यूटरमा प्रविष्ट गरेर राख्ने ।

२. बुँदा नं. १ बमोजिमको विवरणहरु अनिवार्य रुपमा कुनै घटना भए सोही दिन वा अर्को दिन र अन्य विवरणहरु अनिवार्य साप्ताहिक रुपमा क्षेत्रीय वन निर्देशनालय र सम्बन्धित विभागहरुमा पठाउने ।

३. सम्बन्धित विभागहरुले कम्प्यूटर तथा रजिष्टरमा जिल्लाहरुको विवरणहरु संकलन गर्ने । विभागमा साप्ताहिक ५ वटा क्षेत्रको लागि फरक फरक वारमा संकलन गर्ने दिन तोक्ने वा एकै दिन वा दुइ दिनमा विभिन्न समय पनि विभाजन गर्न सकिन्छ । विभागहरुले रेकर्ड तयारी एवं प्रतिवेदनको लागि सफटवेयर पनि तयार गर्न सक्दछन् ।

४. विभागहरुले संकलन गरेको विवरणहरु मन्त्रालयमा साप्ताहिक रुपमा प्रत्येक सोमवार विहान १२ बजे भित्र पठाउने । सो विवरणहरु मन्त्रालयको अनुगमन तथा मूल्यांकन महाशाखा मार्फत गर्ने ।

## कर्मचारी र कक्ष

१. हाल भैरहेको कर्मचारीलाई कार्य विवरण सहित कम्प्यूटर, प्रिन्टर, इन्टरनेट, सफटवेयर, फोन सहितको कक्ष स्थापना गर्ने ।

## अनुगमन

१. जिल्लामा कार्यालय प्रमुख तथा क्षेत्रीय वन निर्देशनालयहरु

२. विभागहरुको लागि विभागका महानिर्देशक र सम्बन्धित महाशाखाका प्रमुख ।

३. समग्र सूपरिवेक्षण मन्त्रालयको अनुगमन तथा मूल्यांकन महाशाखा र व्यवस्थापन महाशाखाले गर्ने ।

## प्रतिवेदन

जिल्ला - क्षेत्रीय वन निर्देशनालय र विभागहरु - विभागहरुले मन्त्रालय अनुगमन महाशाखा - सचिव -माननीय मन्त्री ज्यूको निजी सचिवालय- मन्त्रीज्यू ।